

RCC क्याम्प हाउस

# दोर्दी-१ जलविद्युत खबर

पौष २०७४, अंक १३

## आयोजनाको हालको निर्माण अवस्था

आयोजना स्थलमा इन्जिनियर लगायतका अन्य कर्मचारीको बसोबासका लागि निर्माण गरिएको RCC क्याम्प हाउसको निर्माण कार्य सकिएसँगै फर्निचर राख्ने काम पनि सकिएको छ । सुरुङ्ग निर्माणको ठेकेदार कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले site mobilization गर्नु अघि बुझाउनुपर्ने सम्पूर्ण कागजात बुझाइसकेको छ र साइटमा कर्मचारी पठाउने कार्यको सुरु गरी कर्मचारी आवास, स्टोर निर्माणका लागि र चाहिने विद्युतीय उर्जाको लागि आवश्यक संरचनाको निर्माण कार्य सुरु गरी सकेको छ ।



माउन्टेन इन्फ्रा कम्पनी प्रा. लि.को निर्माण सामाग्री

सुरुङ्ग निर्माणका लागि आवश्यक विद्युतीय उर्जाको स्वीकृति लिई ट्रान्सफर्मर खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यसै गरी विष्फोटक पदार्थको स्वीकृतिको प्रक्रिया अन्तर्गत भारतीय दुतावासबाट आवश्यक नो अब्जेक्सन सर्टिफिकेट प्राप्त भइसकेको छ ।



माउन्टेन इन्फ्रा कम्पनीले आवास बनाउने तयारी गर्दै

यस आयोजनामा विद्युत उत्पादनका लागि चाहिने जेनेरेटर, टर्वाइन लगायतका इलेक्ट्रोमेकानिकल सामाग्री खरिदका लागि इलेक्ट्रोमेकानिकल ठेकेदारहरुसँग प्राविधिक छलफल भइरहेको छ । साथै सिभिल कार्य र हाईड्रो मेकानिकल कार्यका लागि बोलपत्र आह्वान गरी प्राप्त बोलपत्रहरुको बारेमा पनि छलफल भइरहेको छ ।



इलेक्ट्रोमेकानिकल ठेकेदारहरुसँगको प्राविधिक छलफल कार्यक्रम







सुरुङ्ग निर्माणको ठेकेदार कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले साइटमा पुऱ्याएको निर्माण सामाग्रीहरुको केही दृश्य

सम्पादक:पार्वती पराजुली
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर ,काठमाडौं
फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,
ईमेल :info @dordikhola.com.np
वेबसाइट: www.dordikhola.com.np